# राष्ट्रिय वातावरण नीति, २०७६

## १. पृष्ठभूमि

देशको समग्र विकासको दिगोपना वातावरणीय अवस्थाको गुणस्तरमा निर्भर रहन्छ। राष्ट्रको समृद्धिका लागि प्राकृतिक तथा मानव निर्मित सम्पदाहरूको दिगो व्यवस्थापन र बहुआयामिक उपयोग पूर्व शर्त हुन्। वातावरण र सामाजिक-आर्थिक विकासका सवालहरूलाई एकीकृत रूपमा व्यवस्थापन गर्दै वातावरणको क्षेत्रबाट **"समृद्ध नेपाल, सुखी नेपाली"** को राष्ट्रिय संकल्पमा योगदान पुऱ्याउन मानव निर्मित विकासबाट सिर्जित प्रतिकूल वातावरणीय प्रभावलाई रोकथाम एवं न्यूनीकरण गर्न र प्राकृतिक वातावरणको संरक्षण आवश्यक छ। नेपालको संविधानको धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको व्यवस्था गरी यसको संरक्षण र व्यवस्थापनलाई राज्यको उच्च प्राथमिकतामा राखेको छ। यसको लागि नेपालको भौगोलिक अवस्था, भूउपयोग र भूक्षमता अनुसार वातावरणमैत्री विकासका क्रियाकलापहरू सञ्चालन हुनु आवश्यक छ । प्रभावकारी कानूनी संयन्त्र, संस्थागत संरचना, उपयुक्त प्रविधि, जनसहभागिता, सुशासन र वित्तीय साधनहरूको एकीकृत प्रयासबाट मात्र वातावरण संरक्षण एवं दिगो सामाजिक तथा आर्थिक विकास प्राप्त हुने देखिन्छ।

वातावरण संरक्षण बहुआयामिक राष्ट्रिय तथा अन्तरदेशीय विषय रहेको हुँदा नेपालले वातावरण सम्बन्धी विभिन्न अन्तराष्ट्रिय सन्धि सम्झौतामा प्रतिवद्धता जाहेर गरेको छ। दिगो विकासको अवधारणा अनुरुप वर्तमान र अन्तरपुस्ता समन्यायका लागि वातावरणीय स्रोतमाथि न्यायोचित पहुँच र तिनको बुद्धिमत्तापूर्ण उपयोगको प्रत्याभूति गर्नु राज्यको दायित्व हुन्छ। यसका लागि तीनै तहका सरकार, नागरिक समाज, समुदाय, निजी क्षेत्र र व्यक्ति-व्यक्तिबीच आपसी समन्वय र सहकार्यको आवश्यकताको पृष्ठभूमिमा राष्ट्रिय वातावरण नीति, २०७६ तर्जुमा गरिएको छ।

## २. विगतका प्रयासहरू

राष्ट्रिय आवश्यकता तथा अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई सम्बोधन गर्न नेपाल सरकारले वातावरण सम्बन्धी नीति, रणनीति, तथा आवधिक योजनाहरूद्वारा विगतमा वातावरण संरक्षण तथा व्यवस्थापनका लागि आवश्यक नीतिगत प्रयास गर्दै आएको छ। राष्ट्रिय संरक्षण रणनीति, २०४५ र नेपाल वातावरणीय नीति तथा कार्ययोजना, २०५० ले विकास निर्माणका कार्यले प्राकृतिक वातावरणमा पार्ने प्रतिकूल प्रभावहरूलाई रोकथाम एवं न्यूनीकरण गर्ने उपायका बारेमा मार्गदर्शन गरेको देखिन्छ। त्यसैगरी राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन मार्गदर्शन, २०५० ले पूर्वाधारहरूको विकासबाट वातावरणमा पर्न जाने प्रतिकूल प्रभावहरूलाई न्यूनीकरण गर्दै विकास र वातावरणबीचको सन्तुलन कायम गर्न वातावरणीय प्रभाव अध्ययनको शुरुवात गरेको देखिन्छ। यसै पृष्ठभूमिमा वातावरण संरक्षण ऐन, २०५३ तथा वातावरण संरक्षण नियमावली, २०५४ ले वातावरण संरक्षणका लागि कानूनी आधारहरू प्रदान गरेको पाइन्छ । यी नीतिगत तथा कानूनी प्रयासका अतिरिक्त वातावरणलाई प्रत्यक्ष र परोक्ष रुपमा प्रभाव पार्ने वन, वन्यजन्तु, जैविक विविधता, जलवायु परिवर्तन, भू-उपयोग

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

जस्ता क्षेत्रीय तथा उपक्षेत्रीय नीति, रणनीति, गुरुयोजना, आवधिक योजना तथा कानूनहरूको समेत तर्जूमा भई कार्यान्वयन हुँदै आएका छन्।

संस्थागत प्रयासतर्फ वातावरण संरक्षण ऐन, २०५३ अनुरुप सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा विज्ञहरू समेत संलग्न वातावरण संरक्षण परिषद्को गठन भएको छ। साथै वातावरण सम्बन्धी कार्यहरूलाई कार्यान्वयन एवं संयोजन गर्न वन तथा वातावरण मन्त्रालय अन्तर्गत छुट्टै वातावरण तथा जैविक विविधता महाशाखा एवं वातावरण विभाग स्थापना गरी संस्थागत कार्यविवरण अनुरुपको कार्यसम्पादन भइरहेको छ। त्यसैगरी विभिन्न मन्त्रालयहरूमा वातावरण सम्बन्धी शाखा वा एकाई स्थापना गरी सम्बन्धित क्षेत्रगत वातावरणीय विषयहरूलाई बजेट, कार्यक्रम तथा आयोजनाहरूमा आन्तरिकिकरण गर्ने प्रयास भएको छ। यसरी नै प्रदेशस्तरमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको स्थापना गरी वातावरण संरक्षण एवं व्यवस्थापनको कार्य भइरहेको छ भने स्थानीय तहहरूमा वातावरणलाई हेर्ने विभाग, शाखा र एकाइहरू स्थापना गरिएको छ। यसका साथै गैरसरकारी, सामुदायिक र निजी क्षेत्रबाट समेत वातावरण संरक्षण एवं व्यवस्थापनमा सहयोगी भूमिका रहेको देखिन्छ।

## ३. वर्तमान स्थिति

हालसम्म वातावरण संरक्षण र व्यवस्थापनका लागि विभिन्न नीतिगत, कानूनी, संस्थागत तथा कार्यक्रमिक उपलब्धीहरू भएका छन्। वातावरण व्यवस्थापनतर्फ हालसम्म ३५० भन्दा बढी ठूला आयोजनाहरूको वातावरणीय प्रभाव मूल्याङ्कन र हजारौंका संख्यामा रहेका मझौला तथा साना आयोजनाहरूको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत भई प्रतिकूल वातावरणीय प्रभावलाई न्यूनीकरण गर्ने र अनुकूलता बढाउने गरी वातावरण व्यवस्थापन योजना कार्यान्वयन गर्ने प्रयासहरू भइरहेको अवस्था छ। त्यसैगरी ध्वनि, जल र वायुसँग सम्बन्धित प्रदूषण रोकथाम र नियन्त्रणका लागि केही मापदण्ड निर्धारण भई कार्यान्वयनमा आएका छन्। औद्योगिक प्रतिष्ठानमा नियमित र आकस्मिक अनुगमन गरी मापदण्ड पालना गर्ने, गराउने कार्य भइरहेको छ। वातावरणीय सक्षमता हासिल गर्न केही स्थानीय तहहरूमा नमूनाको रुपमा जलवायु अनुकूलित गाउँ कार्यक्रम सञ्चालनमा ल्याइएको छ। सवारी साधनहरूमा प्रदूषण जाँच गर्ने प्रकृया शुरु भएको छ। शहरी क्षेत्रमा विभिन्न प्रकारका वातावरणीय प्रदूषण रोकथाम तथा न्यूनीकरण गर्न फोहरमैला व्यवस्थापन, मापदण्ड विपरीत बनेका पोलिथिनको झोलाको प्रयोगलाई नियन्त्रणका साथै विभिन्न जनचेतनाका कार्यक्रमहरू सञ्चालन गरिएको छ। देशको कूल वन क्षेत्रको करीव ४० प्रतिशत वन क्षेत्र स्थानीय वन उपभोक्ता समूहबाट व्यवस्थापन भई हरियाली प्रवर्द्धन हुँदै आएको छ। यसै गरी शहरी वन तथा उद्यानका कार्यक्रमहरूबाट प्रदूषण न्यूनीकरण तथा शहरी क्षेत्रको सौन्दर्य अभिवृद्धि गर्ने प्रयास भएको छ।

## ४. समस्या तथा चुनौती

जनसंख्या वृद्धि हुनु, अव्यवस्थित शहरीकरण वढ्नु, पूर्वाधार विकास र वातावरणवीचमा असन्तुलन हुनु, एकीकृत र योजनावद्ध विकासमा कमजोरी रहनु, अस्पताल, शहरी तथा औद्योगिक क्षेत्रहरूबाट निष्काशन हुने विभिन्न प्रकारका फोहर तथा प्रदूषणको सही व्यवस्थापन गर्न नसक्नु र कृषि क्षेत्रमा अन्धाधुन्ध रूपमा प्रयोग गरिने विभिन्न विषादिहरूबाट वातावरण विग्रिनु जस्ता पक्षहरू नेपालका लागि प्रमुख वातावरणीय समस्याहरू हुन् ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने संवैधानिक हकलाई प्रत्याभूत गर्ने गरी आवश्यक नीति, कानून, मापदण्ड निर्माण र यसको प्रभावकारी कार्यान्वयन गर्नु प्रमुख चुनौती रहेको छ। वातावरणीय स्वच्छता सम्बन्धी विषयमा सबै निकाय र तहहरूको साझा प्रतिवद्धता जुटाउनु, ठूला उद्योग, यातायात तथा शहरी बस्तीमा मानवीय क्रियाकलापहरूबाट हुने जल, जमीन, ध्वनि र वायु प्रदूषण नियन्त्रण गर्नु, प्लाष्टिक लगायत फोहरमैलाको उचित व्यवस्थापन तथा शहरी हरियाली कायम गर्नु, वातावरण र विकासबीच सन्तुलन कायम गर्नु, वातावरण प्रदूषण गर्नेबाट दायित्व वहन गराउनु, वातावरण संरक्षण प्रति नागरिकको दायित्व बोध गराउनु, अध्ययन अनुसन्धानमा साझेदारी र सहकार्य जुटाउनुका साथै सरोकारवालाहरूबीच समन्वय गर्नु यस क्षेत्रको थप चुनौतीका रुपमा रहेका छन् ।

## ५. नयाँ नीतिको आवश्यकता

विकास र वातावरणबीच सन्तुलन कायम गर्दै दीगो विकासको लक्ष्य पूरा गर्ने सन्दर्भमा वातावरणसँग सम्बन्धित ऐन, नियम तथा अन्य क्षेत्रगत कानूनलाई निर्देश गर्न, अन्तराष्ट्रिय प्रतिबद्धताहरू समेत पूरा गर्न तथा सरकारी, गैरसरकारी संस्था, समुदाय र निजी क्षेत्र र संघ, प्रदेश र स्थानीय तहका बीच वातावरण व्यवस्थापनमा समन्वय र सहकार्य गर्न नयाँ राष्ट्रिय वातावरण नीतिको तर्जुमा गर्न आवश्यक रहेको हो।

## ६. लक्ष्य

प्रदूषण नियन्त्रण, फोहरमैला व्यवस्थापन र हरियाली प्रवर्द्धन गरी नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकको सुनिश्चितता गर्ने ।

## ७. उद्देश्य

१. जल, वायु, माटो, ध्वनि, विद्युत-चुम्बकीय तरङ्ग, रासायनिक तथा रेडियोधर्मी लगायत सबै प्रकारका प्रदूषणको रोकथाम, नियन्त्रण र न्यूनीकरण गर्ने।
२. घरेलु, औद्योगिक तथा सेवा क्षेत्र लगायत सबै स्रोतबाट सिर्जित फोहरमैलाको व्यवस्थापन गर्ने।
३. शहरी तथा नगर क्षेत्रमा उद्यान विकास तथा हरियाली विस्तार गर्ने।
४. विकासका सबै आयामहरूमा वातावरणीय चासोलाई मूलप्रवाहीकरण गर्ने।
५. प्रदूषण पीडितलाई वातावरणीय न्यायको सुनिश्चितता गर्ने।
६. वातावरण संरक्षण तथा प्राकृतिक स्रोतको दिगो व्यवस्थापनमा जनसहभागिता जुटाउने।
७. वर्तमान तथा भावी पुस्ताबीचमा न्यायोचित हुने गरी प्राकृतिक तथा मानव निर्मित स्रोतहरूको उपयोग गर्ने।
८. वातावरण संरक्षण र व्यवस्थापनका लागि शोध, अनुसन्धान र क्षमता अभिवृद्धि गर्ने।
९. जमीनको प्रयोग भू-उपयोग योजना वमोजिम गर्ने ।
१०. सम्भव भएसम्म उपलब्ध स्रोत साधनको पुनःप्रयोग र पुनःप्रशोधन गर्ने ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

## ८. नीतिहरू

यस नीतिको लक्ष्य र उद्देश्यहरू हासिल गर्न निम्न नीतिहरू अवलम्बन गरिनेछः

## ८.१ प्रदूषण रोकथाम, नियन्त्रण र न्यूनीकरण

### नीति

१. सबै प्रकारका प्रदूषण रोकथाम, नियन्त्रण र न्यूनीकरणका लागि प्रभावकारी प्रणाली स्थापना गरिनेछ।
२. उद्योग, कलकारखाना, अस्पताल तथा सवारी साधनहरूको सञ्चालनमा वातावरण मैत्री प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ।
३. उत्पादनमा भएका हानिकारक रसायनहरू (Chemical in Products) लाई नियमन तथा नियन्त्रण गर्दै जोखिमपूर्ण पदार्थबाट मानव स्वास्थ्यको रक्षा तथा वातावरण संरक्षण गरिनेछ।

### रणनीति तथा कार्यनीति

१. जल, वायु, माटो, ध्वनि, विद्युत-चुम्बकीय तरङ्ग, रेडीयोधर्मी विकिरण, जोखिमपूर्ण रसायनिक प्रदूषण रोकथाम सम्बन्धी राष्ट्रिय मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ।
२. प्रमुख शहरहरू, औद्योगिक प्रतिष्ठान लगायत प्रदूषणको जोखिममा रहेका क्षेत्रमा गुणस्तर मापन केन्द्र स्थापना र सञ्चालन गर्दै वायु, जल, ध्वनि गुणस्तरको नक्शांकन गरिनेछ।
३. औद्योगिक तथा अन्य क्षेत्रबाट निष्काशन हुने प्रदूषित पानीको प्रशोधनको व्यवस्था गरिनेछ।
४. उद्योग र अन्य व्यवसायहरूबाट निश्कासन हुने प्रदूषणयुक्त धुँवा, धूलो, पानीलाई व्यवस्थित गर्न वातावरण-मैत्री प्रविधि कार्यान्वयनमा ल्याइनेछ।
५. घरभित्रको वायु प्रदूषणलाई न्यूनीकरण गर्नका लागि सौर्य चूल्हो, विद्युतीय चुल्हो, वायोग्याँस, सुधारिएको चुल्हो, चिम्नी जस्ता उपकरणहरूको प्रवर्द्धन गरिनेछ।
६. ऊर्जा किफायती भवन (Energy Efficient Building) निर्माणमा जोड दिइनेछ।
७. प्रदूषण नियन्त्रणका लागि आवश्यकता अनुसार सघनतामा आधारित मापदण्ड (Concentration-based Standards) एवं भारमा आधारित मापदण्ड (Load-based Standards) तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
८. प्रदूषण नियन्त्रणका लागि उत्सर्जन स्थल नक्साङ्कन (Emission Field Mapping) ,उदगम पहिचान (Source Apportionment) का लागि विक्षेपण प्रतिमान (Dispersion Modeling) जस्ता नवीनतम विधिहरूको प्रयोग गरिनेछ।
९. पुनःप्रयोग गर्न नमिल्ने फोहरलाई आवश्यकतानुसार फोहर विसर्जन क्षेत्र (Landfill Site), हानिकारक फोहर विसर्जन क्षेत्र (Hazardous Waste Landfill site), भष्मीकरण यन्त्र (Incineration Plant) मा सुरक्षित तरिकाले विसर्जन गरिनेछ।
१०. औद्योगिक प्रतिष्ठान, अस्पताल वा अन्य कुनै स्थान विशेषबाट निस्कने फोहरलाई एकीकृत भष्मीकरण यन्त्र (Combined Incineration Plant ) स्थापना गरी विसर्जन गरिनेछ।



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

११. फोहरमैलाबाट ऊर्जा उत्पादन गर्न प्रोत्साहन गरिनेछ।

१२. विष्फोटक (Explosive), विषाक्त (Toxic), प्रज्वलनशील (Inflammable) र संक्षारक (Corrosive) जस्ता जोखिमपूर्ण फोहरहरूको उचित व्यवस्थापन गरिनेछ।

१३. औद्योगिक उत्पादनमा प्रयोग हुने रसायन तथा कच्चा पदार्थसंगै आउने पारो (मर्करी), क्याडमियम, सिसा (Lead) तथा अति वाष्पशील जैविक पदार्थ (Volatile Organic Compound) जस्ता रसायनहरूलाई आवश्यकता अनुसार नियन्त्रण र व्यवस्थापन गरिनेछ ।

१४. विद्युतीय सवारी साधन, हाइब्रिड सवारी साधन वा हाइड्रोजन इन्धनबाट चल्ने सवारी साधन जस्ता नवीनतम तथा स्वच्छ ऊर्जा खपत गर्ने सवारी साधनहरूको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

१५. औद्योगिक उत्पादनहरूमा प्रदूषण नियन्त्रण प्रमाण-पत्रको व्यवस्था लागु गरिनेछ ।

१६. इकोलेभलिङ्ग प्रमाणीकरण भएका वातावरण-मैत्री वस्तुहरूको आयातलाई प्रोत्साहन गरिनेछ ।

१७. प्रदूषणजन्य प्लाष्टिकको उपयोगलाई वैकल्पिक वातावरण-मैत्री माध्यमबाट प्रतिस्थापन गरिनेछ ।

१८. फोहरमैला उठाउने प्रणालीलाई प्रभावकारी वनाउदै सिमसार क्षेत्र, धार्मिक स्थल, सडक, टोल वा अन्य सार्वजनिक स्थानमा फोहरमैला फाल्न पूर्णरुपले प्रतिवन्ध लगाइनेछ ।

१९. नदीको स्वच्छता कायम राख्न प्रदूषित पानी, ढल र फोहरमैलालाई नदीमा मिसाउने कार्य नियन्त्रण गरिनेछ ।

२०. प्रदूषित ठोस तथा तरल पदार्थको व्यवस्थापन गर्दा तल्लो तटीय क्षेत्रमा पर्ने प्रतिकूल प्रभावलाई न्यूनिकरण गर्ने व्यवस्था मिलाइनेछ ।

२१. वर्षातको समयमा मात्र बग्ने खहरे, खोला तथा गल्छीहरूको माथिल्लो तटीय क्षेत्रमा प्रदूषण व्यवस्थापन गर्दा वा संरचना निर्माण गर्दा विशेष ध्यान दिइनेछ ।

२२. शहरी एवम् घना वस्तीभित्र भएका उद्योगहरूलाई मानव वस्ती नभएका अन्य ठाउँहरूमा स्थानान्तरण गरिनेछ ।

२३. सवारी साधनमा प्रयोग हुने एसिड व्याट्री, कम्प्युटर, मोवाइल लगायत अन्य विद्युतीयजन्य प्रयोग नहुने सामाग्रीहरूको प्रभावकारी ढंगबाट व्यवस्थापन गरिनेछ ।

## ८.२ वातावरणीय मूलप्रवाहीकरण

### नीति

१. नीति, कार्यक्रम, आयोजना लगायतले पार्ने सामाजिक तथा वातावरणीय प्रभावको आँकलन गर्ने व्यवस्था मिलाइनेछ।

२. विकास आयोजनाहरूका सबै चरणमा वातावरणीय पक्षलाई आन्तरिकीकरण गरिनेछ।

३. विकास आयोजनाहरूबाट वातावरण र समाजमा पर्ने प्रतिकूल प्रभावलाई न्यूनीकरण र अनुकूल प्रभावलाई विस्तार गरिनेछ।

४. वातावरणीय अध्ययन प्रतिवेदनहरू वस्तुपरक हुने गरी विश्वसनीय तुल्याउन आवश्यक व्यवस्था मिलाइनेछ ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

## रणनीति तथा कार्यनीति

१. वातावरणीय प्रभावको सीमा, परिमाण र अवधिका आधारमा प्रस्ताव कार्यान्वयन गर्नुपूर्व नै प्रस्तावकले उपयुक्त वातावरणीय अध्ययन गराउने व्यवस्था मिलाइनेछ। वातावरणीय अध्ययन प्रतिवेदनको स्वीकृति प्रक्रियालाई पारदर्शी र सरलीकरण गरिनेछ।

२. वातावरण र विकासबीच सन्तुलन हुने गरी उपयुक्त विकल्पको छनोट गरी आयोजना सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

३. वातावरणीय प्रभावबाट उत्पन्न प्रतिकूल प्रभाव न्यूनीकरण र अनुकूल प्रभाव अभिवृद्धिका लागि प्रस्तावकले आवश्यक रकम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा नै छुट्टयाउने व्यवस्था गरिनेछ।

४. वातावरणीय अध्ययन प्रतिवेदनहरूको कार्यान्वयन स्थितिबारे नियमित अनुगमन र परीक्षण (Environmental Audit) गरिनेछ।

## ८.३ वातावरणीय न्याय **(Environmental Justice)**

## नीति

१. स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

२. वातावरण प्रदूषण गर्नेले सो बापत दायित्व व्यहोर्नु पर्ने व्यवस्था गरिनेछ।

३. विकास आयोजनाबाट सृजित प्रतिकूल वातावरणीय प्रभावमा परेका समुदायलाई न्यायोचित ढंगबाट क्षतिपूर्तिको व्यवस्था गरिनेछ।

## रणनीति तथा कार्यनीति

१. स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्न आवश्यक संस्थागत संरचनाको व्यवस्था गरिनेछ ।

२. व्यवसायिक तथा औद्योगिक प्रतिष्ठानहरूलाई सामाजिक तथा वातावरणीय हिसावले उत्तरदायी बनाइनेछ ।

३. मापदण्ड विपरित प्रदूषण गर्ने व्यक्ति वा संस्थालाई कानूनी रुपमा दण्ड दिने व्यवस्था गरिनेछ।

४. वातावरणमैत्री वस्तुहरूको प्रयोगलाई प्रोत्साहन गर्न वातावरणमा उल्लेख्य रुपमा प्रदूषण गर्ने पदार्थहरूमा प्रदूषण करको व्यवस्था गरिनेछ ।

५. प्रदूषकले नै हानी नोक्सानी व्यहोर्ने सिद्धान्तका आधारमा पीडितलाई प्रदूषकबाट उपयुक्त क्षतिपूर्ति भराइदिने व्यवस्था मिलाइनेछ ।

६. वन क्षेत्रमा सार्वजनिक विकास निर्माण कार्य गर्दा वन क्षेत्र घटे बापत प्रभावित समूहलाई उचित क्षतिपूर्तिको व्यवस्था मिलाइनेछ ।

७. क्षतिपूर्तिको व्यवस्था गर्दा महिला, दलित, आदिवासी जनजाति, मधेसी, आर्थिक रुपमा विपन्न, अपाङ्गता भएका व्यक्ति, वालवालिका तथा ज्येष्ठ नागरिकलाई विशेष प्राथिमकता दिइनेछ।

८. वातावरणीय सेवाको प्रवर्द्धन गर्दै त्यसबाट प्राप्त हुने लाभको समन्यायिक बाँडफाँड गरिनेछ ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

## ८.४ जनसहभागिता

### नीति

१. स्वच्छ र स्वस्थ वातावरण कायम गर्न प्रत्येक नागरिकलाई उत्तरदायी बनाइनेछ ।

२. वातावरणीय व्यवस्थापनमा बहुसरोकारवालाहरूको भूमिकालाई थप सशक्त तथा प्रभावकारी बनाइनेछ।

### रणनीति तथा कार्यनीति

१. वातावरण संरक्षण र व्यवस्थापनमा प्रत्येक नागरिकको कर्तव्य सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

२. औद्योगिक तथा घरेलु फोहरमैलालाई स्रोतमै वर्गीकरण गरी व्यवस्थापन गर्न सबै जिम्मेवार संघसंस्थाहरू तथा प्रत्येक नागरिकलाई जिम्मेवार बनाइनेछ ।

३. न्यूनीकरण (Reduce), पुन प्रयोग (Reuse), पुनःप्रशोधन (Recycle) मार्फत् मानव निर्मित स्रोत साधनहरूको प्रयोगलाई व्यवस्थित गर्न प्रत्येक व्यक्ति तथा संस्थालाई प्रोत्साहन गरिनेछ।

४. वातावरण संरक्षणमा उपयोगी कौसी खेती, रेन वाटर हार्भेष्टिङ, सुधारिएको चुलोजस्ता घरायासीस्तरमा सञ्चालन गर्न सकिने कम खर्चिलो प्रविधिलाई प्रोत्साहन गरिनेछ।

५. उत्पादन समेत वृद्धि हुने गरी वातावरण-मैत्री कृषि तथा पशुपालन प्रविधिलाई प्रोत्साहन गरिनेछ ।

६. औद्योगिक प्रतिष्ठान, शिक्षण संस्था, कार्यालय, सार्वजनिक स्थल र घर परिसरमा वृक्षारोपण, फलफूल र पुष्प वगैचा निर्माण जस्ता हरियाली प्रवर्द्धनका कार्यहरू गरिनेछ।

७. वातावरण संरक्षण र वातावरणीय पुनर्स्थापनाका लागि सरकार, नागरिक समाज, समुदाय र निजी क्षेत्रबीच सहकार्य र समन्वय गरिनेछ।

८. सबै स्थानीय तहहरूमा वातावरणमैत्री कार्ययोजना तयार गरी जैविक ऊर्जा, प्राङगारिक मल उत्पादन र फोहरमैला व्यवस्थापनका लागि स्थानीय समुदायहरूको समेत सहभागिता जुटाई प्लाण्ट स्थापना र सञ्चालन गरिनेछ।

९. नदी, सडक किनारा तथा खाली ठाँउमा वृक्षारोपणलाई अभियानको रुपमा सञ्चालन गरिनेछ।

## ८.५ दिगो विकास

### नीति

१. भौतिक पूर्वाधारको निर्माण गर्दा वातावरण मैत्री संरचना निर्माण गरिनेछ।

२. चुरे लगायत वातावरणीय संरक्षणको दृष्टिकोणबाट अति संवेदनशील क्षेत्रको संरक्षण एवं दिगो व्वस्थापन गरिनेछ।

३. प्राकृतिक स्रोतको दिगो र एकीकृत व्यवस्थापन गर्दै लाभको समन्यायिक बाँडफाँडको व्यवस्था गरिनेछ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

## रणनीति तथा कार्यनीति

१. शहरी तथा नगर क्षेत्रमा कार्वन उत्सर्जन घटाउने क्रियाकलापलाई प्रोत्साहन गर्न साइकल तथा पैदल यात्री-मैत्री पूर्वाधारको विकास गरिनेछ ।

२. विद्युतीय सवारी साधनको प्रयोगलाई प्रवर्द्धन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

३. प्रदूषण न्यूनीकरणमा सहयोगी उपकरणहरूमा सहुलियत प्रदान गरिनेछ ।

४. प्रदूषण न्यूनीकरणका लागि नविकरणीय स्वच्छ ऊर्जाहरूको प्रयोगमा जोड दिइनेछ ।

५. जलवायु अनुकूलित गाउँ कार्यक्रमलाई विस्तार तथा थप प्रभावकारी बनाइनेछ ।

६. साँस्कृतिक, धार्मिक, शैक्षिक, साहसिक, प्रकृतिमा आधारित पर्यटन लगायत सबै प्रकारका पर्यटनहरूलाई वातावरण-मैत्री बनाईनेछ ।

७. भू-उपयोग योजना अनुसार योजनावद्ध विकास गरिनेछ ।

८. विपदबाट हुने क्षति न्यूनीकरण हुनेगरी भौतिक संरचना निर्माण गरिनेछ ।

९. वनको दिगो व्यवस्थापन मार्फत जैविक विविधताको संवर्द्धन, वन क्षेत्रको उत्पादकत्व र उत्पादनमा वृद्धि गरिनेछ ।

१०. भू तथा जलाधारको संरक्षणबाट भूमिको उत्पादकत्व बढाइनेछ ।

११. हरेक व्यक्ति तथा संस्था मार्फत हुने खरिद प्रक्रियालाई हरित खरीद प्रक्रिया (Green Procurement) अवलम्बन गर्न प्रोत्साहित गरिनेछ ।

१२. एकीकृत भू तथा जलाधार व्यवस्थापनको माध्यमबाट चुरे क्षेत्र लगायतका क्षेत्रको दिगो व्यवस्थापन गरी उत्पादकत्व र उत्पादनमा वृद्धि गरिनेछ ।

# ८.६ सुशासन, अनुसन्धान र क्षमता विकास

## नीति

१. वातावरणसम्बन्धी निर्णय प्रक्रियामा सम्बन्धित सरोकारवालाहरूको पहिचान गरी तिनको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ ।

२. वातावरणीय स्थितिको सूचना तथा तथ्याङ्कमा सर्वसाधारणको सहज पहुँच हुने प्रणालीको स्थापना गरिनेछ ।

३. वातावरण क्षेत्रको अध्ययन, अनुसन्धान र क्षमता विकासलाई प्रभावकारी बनाईनेछ ।

## रणनीति तथा कार्यनीति

१. वातावरण संरक्षण गर्न सरोकारवालाहरूलाई सुसूचित र सशक्तिकरण गरिनेछ ।

२. वातावरण व्यवस्थापनमा सम्बद्ध दक्ष जनशक्तिहरूको परिचालन गरी सरोकारवालाहरूको क्षमता अभिवृद्धि गरिनेछ ।

३. वातावरण व्यवस्थापन सम्बन्धी राष्ट्रिय सूचना प्रणाली विकास गरी यसलाई आधुनिक र प्रविधि-मैत्री बनाइनेछ ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

४. वातावरणसम्बन्धी अनुगमन प्रणालीलाई प्रभावकारी बनाउदै प्राप्त सिकाई र नतिजालाई विषयगत नीति निर्माण, योजना तर्जुमा र व्यवस्थापन कार्यमा उपयोग गरिनेछ।
५. वातावरण क्षेत्रका नीति, कार्यक्रम तथा बजेट तर्जुमा र सञ्चालन गर्दा लैंगिक तथा सामाजिक समावेशीकरणका पक्षबाट संवेदनशील र समावेशी बनाइनेछ ।
६. वातावरण क्षेत्रका क्षमता विकाससम्बन्धी कार्यक्रममा महिला, दलित, आदिवासी, जनजाति, आर्थिक रुपले विपन्न लगायत वञ्चितीमा परेका समुदायलाई प्राथमिकता दिइनेछ ।
७. शिक्षण संस्थाहरूमा वातावरणको विषयलाई पाठयक्रममा नै समावेश गरी वातावरणीय सचेतनालाई अझ प्रभावकारी बनाइनेछ ।
८. सञ्चार माध्यमको क्षमता अभिवृद्धि गर्दै वातावरण सम्बन्धी सूचना प्रवाह सुनिश्चित गरिनेछ ।
९. वातावरणसम्बन्धी अनुसन्धानका क्रियाकलापहरू सञ्चालनमा सरकारी, गैरसरकारी संस्था, सामुदायिक संस्था, निजी क्षेत्र एवं प्राज्ञिक निकायहरूबीच समन्वय र साझेदारी गरिनेछ ।
१०. हाल सञ्चालनमा रहेका वातावरण परीक्षण प्रयोगशालाहरूको स्तरोन्नति गर्नुका साथै प्रदेशस्तरमा समेत प्रयोगशालाहरू स्थापना गरिनेछ ।
११. सरोकारवालहरूको क्षमता अभिवृद्धि गर्दै अन्तर्राष्ट्रिय मापदण्डसंग तादात्म्यता हुने गरी नवीनतम प्रविधि भित्र्याउने र त्यस्ता प्रविधिहरू प्रदेश र स्थानीय तहमा हस्तान्तरण गरिनेछ ।
१२. वातावरण सम्बन्धी कानूनहरू निर्माण गर्दा भूउपयोग सम्बन्धमा भएका कानूनहरूलाई समेत विचार गरिनेछ ।

## ९. संस्थागत संरचना

१. संघ, प्रदेश र स्थानीय तहबाट वातावरण क्षेत्र सम्बन्धी नीति तथा कानून तर्जूमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन गर्दा सम्बन्धित सरोकारवालाहरूलाई सहभागी गराईनेछ ।
२. यस नीतिको लक्ष्य र उद्देश्य प्राप्तिको निमित्त उपयुक्त संस्थागत संरचनाको व्यवस्था गरिनेछ ।
३. वातावरण सम्बन्धी सम्पूर्ण क्रियाकलापहरूको नीतिगत समन्वय गर्न राष्ट्रियस्तरमा वातावरण सम्बन्धी परिषद् गठन गरिनेछ ।

## १०. यस नीति कार्यान्वयनमा संघ, प्रदेश र स्थानीय तहको भूमिका

यस नीतिको परिधिभित्र रही प्रदेश र स्थानीय तहबाट कार्यान्वयन हुने कार्यक्रमहरू प्रदेश र स्थानीय तहले आ-आफ्नो नीति तथा कानूनमा समावेश गरेर कार्यान्वयन गर्न सक्नेछन् ।

### संघ

१. वातावरण संरक्षण तथा व्यवस्थापनका लागि राष्ट्रियस्तरको नीति, कानून, मापदण्ड र नियमनका बिषयहरू निर्धारण गरिनेछ । यसका लागि संघीय संसद र नेपाल सरकारबाट पारित गरिएका राष्ट्रिय र अन्तर्राष्ट्रिय सवालहरू सम्बन्धी नीति तथा कानूनलाई प्रमुख आधार बनाइनेछ ।
२. अन्तर्राष्ट्रिय तथा राष्ट्रिय मापदण्ड अनुरुपका वातावरण संरक्षण तथा व्यवस्थापनका कार्यक्रम तथा परियोजनाहरू तर्जुमा गरी तहगत रुपमा कार्यान्वयनको प्रारुप तयार गरिनेछ ।
३. वातावरणीय प्रभाव विश्लेषणका लागि आवश्यक नीतिगत मार्गनिर्देश गरिनेछ ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

४. राष्ट्रियस्तरमा हरित गृह ग्याँस तथा अन्य प्रदूषण उत्सर्जनका स्रोत एवं नियन्त्रणका सम्बन्धमा नीति तथा योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा नियमन गरिनेछ ।
५. नेपाल पक्ष राष्ट्र भएका अन्तरराष्ट्रिय सन्धि सम्झौता अनुरुप नेपाल सरकारको तर्फबाट पेश गर्नुपर्ने प्रतिवेदन तयार गरिनेछ ।
६. प्रदेश र स्थानीय तहमा वातावरण सम्बन्धी जनचेतना अभिवृद्धि र लाभको उपयोग सम्बन्धी व्यवस्था गर्न सहजीकरण गरिनेछ ।
७. "राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वातावरण व्यवस्थापन", "वातावरण अनुकूलन", तथा "कार्वन सेवा" अन्तर्गतका संघका अधिकार सूची अन्तर्गत रहेका विषयमा समेत प्रदेश तथा स्थानीय तहमा कार्यान्वयन खाका तयार गरी कार्यक्रम कार्यान्वयन गरिनेछ।

## प्रदेश

१. प्रदेश अन्तर्गत संरक्षण गर्नुपर्ने हरित क्षेत्र तथा सुरक्षित बसोवासको क्षेत्र निर्धारण, शहरी तथा ग्रामीण बसोवासका आधार तयारी, औद्योगिक, व्यावसायिक तथा व्यापारिक क्षेत्रहरू एकिन गर्ने र संघको मापदण्ड अन्तरगत रही प्रदेशस्तरीय वातावरणीय मापदण्ड निर्धारण गर्ने । प्रदेशस्तरमा सडक, यातायात, ऊर्जा, उद्योग, वन, कृषि, स्वास्थ्य क्षेत्रबाट सृजित प्रदूषणलाई नियमन गर्ने आधारहरू तयार गर्ने ।
२. प्रदेशस्तरका विकास निर्माणका आयोजनाहरूको वातावरणीय प्रभावका लागि अध्ययन, नियमन तथा अनुमगन कार्यहरू गर्ने ।
३. प्रदेशस्तरमा प्रदूषण उत्सर्जनका स्रोत एवं नियन्त्रण सम्बन्धमा नीति तथा योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा नियमन गर्ने ।
४. स्थानीय तहमा वातावरण सम्बन्धी जनचेतना अभिवृद्धि र लाभको उपयोग सम्बन्धी व्यवस्था गर्न सहजीकरण गर्ने ।

## स्थानीय तह

१. वातावरण संरक्षण तथा व्यवस्थापनको राष्ट्रिय नीति र रणनीतिको स्थानीयस्तरमा कार्यान्वयन गर्ने ।
२. सम्बन्धित सरोकारवाला निकायहरू, सरकारी तथा गैर सरकारी संस्थाहरू, समुदाय, निजी क्षेत्र, शैक्षिक संस्थाहरू लगायतसँग समन्वय तथा सहकार्य गर्ने ।
३. संघ तथा प्रदेशका मापदण्डभित्र रही स्थानीय स्तरमा प्रदूषण नियन्त्रण, फोहर मैला व्यवस्थापन तथा हरियाली प्रवर्द्धन सम्बन्धी नीति, योजना तर्जूमा कार्यान्वयन र अनुगमन तथा नियमन गर्ने ।
४. जनचेतना अभिवृद्धि, क्षमता अभिवृद्धि, प्रदूषण उत्सर्जन नियन्त्रण, प्रबिधि विकास जस्ता कार्यक्रम सञ्चालन गर्ने।
५. स्थानीयस्तरका विकास निर्माणका परियोजनाहरूका स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको कार्यान्वयनको अनुगमन कार्यहरू गर्ने ।
६. स्थानीयस्तरमा सञ्चालन हुने कार्यक्रमहरूको रेखदेख, अभिलेखीकरण, अनुगमन तथा प्रतिवेदन तयारी गर्ने कार्य नियमित रुपमा गर्ने ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

## ११. आर्थिक पक्ष

१. यस नीतिमा उल्लेखित सम्बन्धित तहका अधिकार क्षेत्रभित्र पर्ने कार्यक्रम कार्यान्वयन गर्नका लागि संघ, प्रदेश र स्थानीय तहका सरकारले आवश्यक बजेटको व्यवस्था गर्नेछन्।

२. यस नीति कार्यान्वयनको लागि सम्बन्धित समुदाय, निजी क्षेत्र र सहकारीको योगदान र लगानीलाई प्रोत्साहित गरिनेछ ।

३. वातावरण संरक्षण, व्यवस्थापन एवं क्षतिपूर्तिका लागि राष्ट्रियस्तरमा वातावरण संरक्षण कोषको स्थापना गरिनेछ ।

४. विकास आयोजनाहरूबाट वातावरणमा पर्ने प्रतिकूल प्रभाव न्यूनीकरणका लागि आयोजना संचालक स्वयंले आर्थिक दायित्व वहन गर्नेछन् ।

५. यस नीति कार्यान्वयनको लागि विकास साझेदारहरूसँग समन्वय र सहकार्य गर्न सकिनेछ।

## १२. कानूनी व्यवस्था

यस नीतिले लिएका उद्देश्य, लक्ष्य, रणनीति एवम् कार्यनीतिक व्यवस्थाहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि हालसम्म भएका विद्यमान कानूनी व्यवस्थाहरूलाई समय सापेक्ष रुपमा संशोधन र परिमार्जन गरिनेछ । आवश्यकताका आधारमा अन्य संघीय, प्रदेशस्तरीय तथा स्थानीय तहसम्मका कानूनी संरचनाको तर्जूमा समेत गरिनेछ । यिनै कानूनी व्यवस्थाहरूका आधारमा कार्यविधि, निर्देशिका, मापदण्डहरू तर्जूमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

## १३. अनुगमन र मूल्याङ्कन

१. यस नीतिको कार्यान्वयन अवस्थाको आवधिक रुपमा अनुगमन तथा मूल्याङ्कन गरिनेछ। यसरी अनुगमन गर्दा सरोकारवालाको सहभागिता गराइनेछ ।

२. यस नीतिको कार्यान्वयनको अवस्थाको सम्बन्धमा वातावरण क्षेत्रका स्थानीय कार्यालयहरूले स्थानीय तह तथा स्थानीय तह मार्फत् प्रदेश सरकारको सम्बन्धित मन्त्रालय समक्ष र प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले संघको वन तथा वातावरण मन्त्रालय समक्ष पृष्ठपोषण सहित आर्थिक वर्षको अन्त्यमा प्रतिवेदन पेश गर्नेछन् र वन तथा वातावरण मन्त्रालयले एकीकृत गरी राष्ट्रिय प्रतिवेदन तयार गर्नेछ ।

३. संघीय मन्त्रालयले राष्ट्रिय प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र वातावरण सम्बन्धी राष्ट्रिय परिषदमा पेश गरी पृष्ठपोषण प्राप्त गर्नेछ ।

४. यस नीतिको पुनरावलोकन प्रत्येक पाँच वर्षमा गरिनेछ ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

## १४. जोखिम

यस नीतिको कार्यान्वयन र लक्ष्य प्राप्तिमा निम्न जोखिमहरू हुन सक्छन् :

१. संघ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय र सहकार्य नभएमा यस नीतिको कार्यान्वयनमा जोखिम रहन्छ भने यसको निराकरणको लागि समन्वय र सहकार्यलाई प्रभवाकारी तुल्याउन आवश्यक संयन्त्रको व्यवस्था गरिनेछ ।

२. सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसंग प्रभावकारी सहकार्य नभएमा समेत यस नीतिले लिएका नीतिगत व्यवस्थाहरू कार्यान्वयनमा नजाने जोखिम रहन्छ । यस्तो जोखिम आउन नदिनका लागि तीन वटै क्षेत्रको संयुक्त प्रयासलाई प्रभावकारी बनाउन आवश्यक संरचना बनाइने छ ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं